"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक-झापा
कोशी प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. २८६२
च.नं.

## जडीबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर संकलनको लागि दरभाउपत्र आव्हान सम्बन्धी सूचना।

(दोस्रो पटक प्रकाशन मिति २०८०।०९।०३)

स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम आ.व. २०८०।०८१ मा चालु बर्षको बाँकी अवधिका लागि यस दमक नगरपालिकाको आय संकलन गर्न निम्नानुसारको ठेक्का वन्दोवस्त गर्न तपसिलमा उल्लेख भएका कामका लागि ईजाजत प्राप्त दरभाउपत्रदाताहरुवाट रितपूर्वकको दरभाउपत्र बिद्युतिय खरिद प्रणाली (ई-विड माध्यम) वाट पेश गर्नु हुन यो ७ (सात) दिने सूचना आव्हान गरिएको छ। बिस्तृत जानकारीका लागि दमक नगरपालिकामा सम्पर्क राख्न सकिने छ।

तपसिल

| ठेक्का नं. | ठेक्काको प्रकार | ठेक्काको बिवरण | न्यूनतम ठेक्का अंक रु. | धरौटी रकम | फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| DMO/JHAPA/KWDI/29/80/81 | जडीबुटी, कवाडी, र जीवजन्तुको व्यवसायिक उपयोग कर संकलन | दमक नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीबुटी, बनकस(खर) कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सिङ, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उद्योग गरे वापतको कर | ५,००,०००।- (पाँच लाख मात्र) | कबोल गरेको रकमको ५% | १,०००।- |

दरभाउपत्र फाराम बुझाउने अन्तिम मिति : २०८०।०९।१२ गते दिनको १२:०० बजे सम्म।
पेश भएका दरभाउपत्र खोलीने मिति : २०८०।०९।१२ गते दिनको १:०० बजे।

शर्तहरु:

१. उल्लेखत ठेक्का सम्झौता मितिदेखि २०८१ असार मसान्त सम्मका लागि लागू हुनेछ।

२. इच्छुक फर्म, कम्पनी, सप्लायर्सले नवीकरण भएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत वा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि सहित दरभाउपत्र फाराम दस्तुर बापत यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, दमकमा रहेको यस कार्यालयको **आन्तिरक राजश्व खाता नं. २१४०१००३०१०१०००२** मा नगद जम्मा गरेको बैंक भौचर सहित बिद्युतिय खरिद प्रणालीको वेभसाईट https://www.bolpatra.gov.np मार्फत पेश तोकिएको समय सीमा भित्र अपलोड गरिसक्नु पर्नेछ। तोकिएको दरभाउपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचर संलग्न गर्नुपर्नेछ।

३. दरभाउपत्र पेश गर्ने समय बिद्युतिय खरिद प्रणालीको वेभसाईटमा उल्लेख भए बमोजीम हुनेछ।

४. दरभाउपत्र सम्बन्धी बिवरण स्पष्ट उल्लेख गर्नुपर्नेछ। जमानत वापतको रकम यस कार्यालयको **धरौटी खाता नं. २१४०१००३०३००००००२** मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्यादसहित जारी गरिएको बिड बण्ड संलग्न गर्नु पर्नेछ।

५. खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, दरभाउपत्र विवरण प्रोप्राईटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचनामा प्रकाशित भएको मितिमा दरभाउ पत्र ई बिड मार्फत पेश गर्नु पर्नेछ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"
दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
कोशी प्रदेश, नेपाल
☎ : ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. २८६२
च.नं.

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका दरभाउपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १ बजे कर्मचारी र दरभाउपत्र दाताका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ

७. ठेक्का रकमलाई किस्तामा बुझाउनका लागि पहिलो किस्ता ६०% र अन्तिम किस्ता ४०% गरी विभाजन गरिनेछ । यसरी किस्ता निर्धारण गरी पहिलो किस्ता सम्झौता गर्दाको बखतमा र दोस्रो किस्ता २०८० साल चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ । अन्तिम किस्ताको रकमको हकमा २०८१ असार मसान्तसम्म अबधि रहेको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

८. ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारको बुझाउनु पर्ने कर, दस्तुर महशुल वापतको रकम ठेकेदार पक्षवाट सम्बन्धित कार्यालयमा ठेक्का सम्झौता गर्नु अगावै बुझाउनु पर्ने छ। किस्तामा रकम बुझाउनेको हकमा प्रत्येक किस्ता बापतको कर रकम, किस्ता रकम बुझाउनु भन्दा अगाडिनै सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

९. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकी दिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयवाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ। प्रमाणित बाहेकका रसिदबाट कर उठाईएको उजुरी या जानकारी प्राप्त भएमा नियमानुसार कारवाही र उठाएको रकम बराबरको थप रकम जरीवाना गरिनेछ।

१०. बन्द, हड्ताल जस्ता मानव सिर्जित कारणबाट सिर्जना हुने अवस्थाको कारण कर छूट वा मिनाहा हुने छैन ।

११. रीत नपुगेको र म्याद नाघि आएको दरभाउपत्र माथि कुनै कार्यवाही गरिने छैन।

१२. कुनै शर्त सहितको दरभाउपत्र स्वीकार्य हुने छैन ।

१३. ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल गरी ठेकेदारलाई आवश्यक कारवाही हुनेछ।

१४. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

१५. ठेक्का सम्बन्धमा कुनै किसिमको बिवाद भएमा यस कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।

१६. सुचनामा उल्लेखित बिषयहरु संलग्न कागजातहरु नै यस प्रयोजनका लागि हुन । माथी उल्लेखित बिषयहरुका हकमा उल्लेखित बिषयहरु बमोजीम हुनेछ भने अन्य बिषयहरुको हकमा दमक नगरपालिकाको सार्वजनिक खरिद नियमावली, स्थापित बिधि, मिति , सार्वजनिक हितको सिद्धान्तका आधारमा हुनेछ ।

१७. यस सम्बन्धमा अन्य जानकारी लिन चाहेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

.........................
गणेशराज कार्की
प्रमुख प्रशासकिय अधिकृत

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत